## सूचना -२

### जिल्ला अदालत (पहिलो संशोधन) नियमावली,२०७६

जिल्ला अदालत नियमावली, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

न्याय प्रशासन ऐन, २०७३ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यी नियमहरूको नाम "जिल्ला अदालत (पहिलो संशोधन) नियमावली, २०७६"रहेको छ।

(२) यो नियमावली सर्वोच्च अदालतले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **जिल्ला अदालत नियमावली, २०७५ को नियम २ मा संशोधन**: जिल्ला अदालत नियमावली, २०७५ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को,-

(१) खण्ड (च) पछि देहायको खण्ड (च १) थपिएको छ :-

"(च१) "कार्यतालिका" भन्नाले दर्तादेखि फैसला नभएसम्म गरिने मुद्दाको कारबाहीमा लाग्ने अधिकतम दिन र मिति उल्लेख भएको कार्यहरूको क्रमबद्ध सूची सम्झनु पर्छ।

(२) खण्ड (छ) पछि देहायको खण्ड (छ १) थपिएको छ :-

"(छ१) "फरक मुद्दा व्यवस्थापन" भन्नाले अदालतमा दर्ता हुने मुद्दाको कारबाही र किनारा गर्ने प्रयोजनको लागि परिच्छेद-५क. बमोजिम विभिन्न मार्ग समूहमा राखी गरिने व्यवस्थापन सम्झनु पर्छ।"

(३) खण्ड (ज) पछि देहायको खण्ड (ज१) थपिएको छः-

"(ज१) "मार्ग समूह" भन्नाले मुद्दाको कारबाही र किनारा गर्न नियम ४०क.बमोजिम गरिने मुद्दाको प्रकृति अनुसारको विभाजन सम्झनु पर्छ।"

३. <u>मूल नियमावलीको नियम १० मा संशोधनः</u> मूल नियमावलीको नियम १० को उपनियम (१) को खण्ड (ढ) को सट्टा देहायको खण्ड (ढ) राखिएको छ :-

"(ढ) मुद्दाको मार्ग समूह निर्धारण र परिवर्तन तथा कार्यतालिका निर्माण, प्रमाणीकरण, परिमार्जन, अनुगमन लगायत फरक मुद्दा व्यवस्थापनको कार्यान्वयनका सम्बन्धमा अन्य आवश्यक काम कारबाही गर्ने गराउने,"

४. **मूल नियमावलीको नियम १४ मा संशोधनः** मूल नियमावलीको नियम १४ को खण्ड (ख) पछि देहायका खण्ड (ख१), (ख२) र (ख३) थपिएका छन् :-

"(ख१) मुद्दामा कार्यतालिका बमोजिम काम भए नभएको अनुगमन गरी सम्बन्धित कर्मचारीलाई निर्देशन दिने,

(ख२) कार्यतालिकामा निर्धारित समयसीमा नाघ्न लागेका मुद्दाहरू पहिचान गरी सो को जानकारी सम्बन्धित न्यायाधीश र स्रेष्तेदारलाई दिने र प्राप्त निर्देशन बमोजिम निर्धारित समयभित्रै कार्य सम्पन्न गर्ने गराउने,

(ख३) मुद्दाको मार्गसमूह परिवर्तन गर्नु पर्ने देखिएमा स्रेष्तेदार समक्ष पेश गर्ने,"

५. **मूल नियमावलीको नियम १५ मा संशोधनः** मूल नियमावलीको नियम १५ को खण्ड (क) पछि देहायका खण्ड(क१), (क२) र (क३) थपिएका छन् :-

"(क१) मुद्दामा तोकिएको मार्गसमूह बमोजिमको विवरण सफ्टवेयरमा प्रविष्ट गरी प्रमाणित कार्यतालिकामा पक्षहरूको सहीछाप गराई मिसिल संलग्न राख्ने र सोको एकप्रति सम्बन्धित पक्षलाई उपलब्ध गराउने,

(क२) मुद्दामा तोकिएको मार्गसमूह परिवर्तन वा कार्यतालिका परिमार्जन गर्नु पर्ने देखिएमा सुपरीवेक्षक मार्फत स्रेष्तेदार समक्ष पेश गर्ने लगायतका अन्य आवश्यक कार्यहरू गर्ने,

(क३) मुद्दामा निर्धारित कार्यतालिका अनुसार कार्य सम्पन्न गर्ने,"

६. **<u>मूल नियमावलीमा परिच्छेद-५क. थप</u>**: मूल नियमावलीको परिच्छेद-५ पछि देहायको परिच्छेद-५क. थपिएको छः-

"परिच्छेद-५क.

<u>फरक मुद्दा व्यवस्थापन</u>

४०क.**<u>मुद्दामा रहने मार्गसमूहः</u>** (१) अदालतमा दायर हुने मुद्दाको कारबाहीमा सरल मार्गसमूह, सामान्य मार्गसमूह र विशेष मार्गसमूह रहने छन्।

तर पुनरावेदनको कारबाहीमा सरल मार्गसमूह र सामान्य मार्गसमूह रहनेछन् ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि बन्दी प्रत्यक्षीकरणको निवेदन, अन्तरकालीन आदेश उपर परेका निवेदन, सो सम्बन्धी प्रतिवेदन, विशेष प्रकृतिका निवेदन तथा अन्य फुटकर निवेदनलाई मार्गसमूहमा राखी कारबाही गर्नुपर्ने छैन।

(३) यस नियमावली बमोजिम मार्गसमूह निर्धारणका आधारहरू सर्वोच्च अदालतले बनाई लागू गर्ने निर्देशिका वा दिग्दर्शनमा उल्लेख भएबमोजिम हुनेछ।

(४) प्रचलित कानूनको अधीनमा रही सामान्यतः सरल मार्गसमूहका मुद्दा छ महिना, सामान्य मार्गसमूहका मुद्दा एक वर्ष र विशेष

मार्गसमूहका मुद्दा एक वर्ष छ महिनाभित्र कारबाही र किनारा गर्नुपर्नेछ।

तर कुनै मार्गसमूहमा रहेको मुद्दामा सो समय अगावै अङ्ग पुऱ्याई कारबाही र किनारा गर्न बाधा पुगेको मानिने छैन।

(५) कुनै एक मार्गसमूहबाट कारबाही र किनारा हुनुपर्ने मुद्दा अर्को मार्गसमूहमा राखी कारबाही र किनारा गरेको कारणबाट मात्र त्यस्तो कामकारबाही बदर हुनेछैन।

४०ख. <u>मुद्दाको मार्गसमूह परिवर्तन</u>ः (१) सरल मार्गसमूहमा रहेको मुद्दा सामान्य मार्गसमूहमा वा विशेष मार्गसमूहमा र सामान्य मार्गसमूहमा रहेको मुद्दा विशेष मार्गसमूहमा परिवर्तन गर्न सकिनेछ।

(२) उपनियम (१) बमोजिम मार्गसमूह परिवर्तन गर्ने आधारहरू सर्वोच्च अदालतले बनाई लागू गर्ने निर्देशिका वा दिग्दर्शनमा उल्लेख भएबमोजिम हुनेछ।

४०ग. <u>निर्देशिका, दिग्दर्शन तथा सफ्टवेयर निर्माण</u>ः(१) फरक मुद्दा व्यवस्थापनको सञ्चालन तथा कार्यान्वयन सम्बन्धी अन्य विषय सर्वोच्च अदालतले बनाई लागू गर्ने निर्देशिका वा दिग्दर्शन बमोजिम हुनेछ।

(२) फरक मुद्दा व्यवस्थापनको सञ्चालन र कार्यान्वयन सर्वोच्च अदालतले बनाई लागू गरेको सफ्टवेयर बमोजिम हुनेछ।

४०घ. <u>कार्यतालिका निर्माण र परिमार्जन</u>ः(१) फिरादपत्र, पुनरावेदनपत्र, रिट निवेदन वा मुद्दा सरह कारबाही

हुने अन्य निवेदन दर्ता गर्दा स्रेष्तेदारले त्यस्तो मुद्दाको लागि तोकिएको मार्गसमूह यकीन गरी सोको कार्यतालिका प्रमाणित गर्नुपर्नेछ।

(२)मुद्दामा दुवै पक्षको तारिख मिलान भएपछिको पहिलो सुनुवाइको दिन र पूर्व सुनुवाइ छलफल हुने भएमा सो दिन सम्बन्धित न्यायाधीशले उपस्थित मुद्दाका पक्ष वा निजको वारिस वा कानून व्यवसायीसँग छलफल गरी बाँकी कार्य सम्पन्न गर्नका लागि कार्य तालिकामा परिमार्जन गर्न आदेश दिन सक्नेछ।

तर मुद्दाको कुनै पक्ष उपस्थित नभएको कारणले मात्र मुद्दाको कार्यतालिका परिवर्तन गर्न बाधा पर्ने छैन।

(३) उपनियम (२) बमोजिम परिमार्जन गरिएको कार्यतालिकामा मुद्दाका उपस्थित पक्षको सहीछाप गराई मिसिल संलग्न गर्नुपर्नेछ।

(४) उपनियम (१) र (२) बमोजिम प्रमाणित कार्यतालिकाअनुसारकुनैकारबाही निर्धारित मितिमा सम्पन्न हुन नसकेमा स्रेष्तेदारले सम्बन्धित न्यायाधीशको निर्देशनमा रही कारण खोली फैसलाका लागिनिर्धारित मिति ननाघ्ने गरी कार्यतालिका परिमार्ज नगर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिम कार्यतालिका परिमार्जन गर्दा मुद्दाका पक्षहरूको कुनै प्रतिक्रिया भए सो समेतलाई विचार गर्न सकिनेछ।

(६) यस नियमबमोजिम कार्यतालिकामा उल्लेख गरेको कुनै काम गर्नु नपर्ने अवस्था परेमा वा तोकिएको कार्य अगावै सम्पन्न भएमा त्यस्तो मुद्दामा अगावै कारबाही र किनारा गर्न सकिनेछ।

४०ङ. <u>स्वघोषणा फाराम भर्नुपर्नेः</u>(१) मुद्दा दर्ता गर्दा वा प्रतिउत्तर पत्र वा लिखित जवाफ पेश गर्दा वा अभियुक्तको बयान गर्दा सम्बन्धित पक्षले आफ्नो विवरण अनुसूची-३क. बमोजिमको स्वघोषणा फाराममा भरी अदालत समक्ष पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार पक्ष वा विपक्ष भएको मुद्दा वा रिटमा नेपाल सरकारको तर्फबाट त्यस्तो फाराम पेश गर्नुपर्नेछैन।

(३) उपनियम (१) बमोजिम पेश भएको स्वघोषणा फाराम बमोजिमको विवरण सम्बन्धित फाँटले मुद्दा व्यवस्थापन सफ्टवेयरमा प्रविष्ट गरी अद्यावधिक गर्नुपर्नेछ।"

७. <u>मूल नियमावलीको नियम ४१ मा संशोधनः</u> मूल नियमावलीको नियम ४१ को उपनियम (१) मारहेको "न्यायाधीशले मुद्दा सङ्ख्या" भन्ने शब्दहरु पछि "र मार्गसमूह समेत" भन्ने शब्दहरू थपिएका छन्।

८. <u>मूल नियमावलीको नियम ४४मा संशोधनः</u> मूल नियमावलीको नियम ४४ को,-

(१) उपनियम (२) मारहेको"नम्बर," भन्ने शब्द पछि "मार्गसमूह," भन्ने शब्द थपिएको छ।

(२) उपनियम (४) मा रहेका "हेर्दाहेर्दैको मुद्दा," भन्ने शब्दहरू पछि "लगातार कारबाही र सुनुवाई गर्ने मुद्दा," भन्ने शब्दहरू थपिएका छन्।

९. **मूल नियमावलीको नियम ४५ मा संशोधनः** मूल नियमावलीको नियम ४५ को,-

(१) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-

"(२) उपनियम (१) बमोजिम दैनिक पेशी सूची तयार गर्दा देहायको क्रममा सुनुवाई हुने गरी तयार गर्नुपर्नेछ :-

(क) अनुसूची-३ख. मा उल्लिखित प्राथमिकता प्राप्त मुद्दा,

(ख) फरक मुद्दा व्यवस्थापन पद्धति लागू हुनुपूर्व दर्ता भएका मुद्दा,

(ग) सरल मार्गसमूहका अन्य मुद्दा,

(घ) सामान्य मार्गसमूह र विशेष मार्गसमूहका अन्य मुद्दा।"

(२) उपनियम (२) पछि देहायका उपनियम (२क) र (२ख)थपिएका छन् :-

"(२क) उपनियम (२) बमोजिम पेशी सूची तयार गर्दा एउटै क्रममा एकभन्दा बढी मुद्दाहरू रहने अवस्था भएमा ती मुद्दालाई दर्ताक्रमको आधारमा पेशीको प्राथमिकता निर्धारण गर्नुपर्नेछ।

(२ख) उपनियम (२) को अधीनमा रही सम्बन्धित अदालतले मुद्दाको प्रकृति अनुसार

छुट्टाछुट्टै बारमा मुद्दाको सुनुवाइ गर्ने गरी पेशी व्यवस्थापन गर्न सक्नेछ।"

१०. <u>मूल नियमावलीको नियम ५२मा संशोधनः</u> मूल नियमावलीको नियम ५२ कोउपनियम (४) मा रहेका "विवादित विषयको प्रकृति," भन्ने शब्दहरू पछि "मुद्दाको मार्गसमूह," भन्ने शब्दहरू थपिएका छन्।

११. <u>मूल नियमावलीको नियम ६५ मा संशोधनः</u> मूल नियमावलीको नियम ६५ को उपनियम (३) मा रहेका "दुई पटक पेशी स्थगित भइसकेको मुद्दा" भन्ने शब्दहरु पछि", सम्बन्धित मार्गसमूहको लागि तोकिएको फैसला गर्नुपर्ने समयावधि नाघ्न सक्ने अवस्थाको मुद्दा" भन्ने शब्दहरू थपिएका छन्।

१२. <u>मूल नियमावलीको नियम ११४ मा संशोधनः</u> मूल नियमावलीको नियम ११४ कोउपनियम (२) को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छः-

"(घ१) मुद्दामा कार्यतालिका बमोजिमको समयमा कार्य सम्पन्न हुन नसकेका मुद्दाहरूको विवरण र सोको कारण,"

१३. <u>मूल नियमावलीको अनुसूचीमा संशोधनः</u> मूल नियमावलीको,

(१) अनुसूची-३ पछि संलग्न अनुसूची-३क. र अनुसूची-३ख. थपिएका छन्।

(२) अनुसूची-४ को द्रष्टव्य-२ को खण्ड (छ) पछि देहायको खण्ड (ज) थपिएको छः-

"(ज) मुद्दामा निर्धारित कार्यतालिका अनुसार काम भएको छ, छैन।"

| |
|---|
| मुद्दा नं.<br>मुद्दाः |

"अनुसूची -३क.

(नियम ४०ङ. सँग सम्बन्धित)

| |
|---|
| फोटो |

**स्वघोषणा फाराम**

............ जिल्ला अदालत

१. पक्षको नाम थरः

२. बाबु/आमाको नामः

३. पति/पत्नीको नामः

४. बाजे/बज्यैको नामः

५. कुनै एकमा चिनो लगाउनुहोस् ☐ वादी/निवेदक

☐ प्रतिवादी/प्रत्यर्थी

६. नागरिकता/पासपोर्ट/ अन्य कागज ......... नम्बरः .....

जारी मितिः .......जारी भएको जिल्लाः.............

७. स्थायी वतनः प्रदेशः जिल्लाः

नगरपालिका/गाउँपालिकाः

वडा नं. टोलः मार्गः घर नं.

८. हाल बसेको वतनः प्रदेशः जिल्लाः

नगरपालिका/गाउँपालिकाः

वडा नं.: टोलः मार्गः घर नं.:

९. म्याद तामेल गर्ने वतनः प्रदेशः जिल्लाः

नगरपालिका/गाउँपालिकाः

वडा नं.: टोलः मार्गः घर नं.:

म्याद तामेल गर्ने स्थानको नक्शाः *(नजिकको चोकबाट म्याद सूचना तामेल गर्ने आफ्नो घर देखिने गरी तयार गर्नुपर्ने)*।

१०. ईमेल ठेगानाः

११. टेलिफोन नम्बरः मोबाइल नम्बरः
वैकल्पिक मोबाइल नम्बरः

१२. प्रस्तुत मुद्दा मेलमिलापबाट विवाद समाधान गर्न इच्छुक भए नभएकोः

१३. कानून व्यवसायी नियुक्त गर्न सक्षम भए नभएकोः

१४. कानून व्यवसायी राख्ने भए अधिकतम सङ्ख्या र बहसको लागि आवश्यक पर्ने समयः

१५. प्रस्तुत मुद्दाको कारबाहीको क्रममा अदालतमा उपस्थित हुन अनुकुल नहुने कुनै मिति भए उल्लेख गर्नेः

१६. प्रस्तुत मुद्दा दर्ता भएको कति समय भित्र किनारा होस् भन्ने चाहनुहुन्छ ?

**द्रष्टव्यः** (१) उल्लिखित विवरणमा परिवर्तन भएमा १५ दिनभित्र सम्बन्धित अदालतलाई जानकारी गराउनु पर्नेछ।

(२) वारिसले पक्षको सबै विवरण उल्लेख गर्नुपर्नेछ।

(३) व्यक्ति भन्नाले कानूनी व्यक्ति समेतलाई जनाउँछ।

(४) विदेशी पक्षको हकमा सम्बन्धित देशको नाम खुलाउनु पर्नेछ।

अनुसूची -३ख.

(नियम ४५ को उपनियम (२) को खण्ड (क) सँग सम्बन्धित)

**<u>प्राथमिकता प्राप्त मुद्दा</u>**

(क) बन्दीप्रत्यक्षीकरण,
(ख) कसूर ठहर भई सजाय निर्धारणको लागि पेश भएको मुद्दा,
(ग) हेदहिर्दैका मुद्दा,
(घ) आदेशबमोजिम सुनुवाईको लागि मिति तोकिएको मुद्दा,
(ङ) थुनुवा भएको मुद्दा,
(च) अपाङ्गता भएका व्यक्ति पक्ष भएको मुद्दा,
(छ) बालबालिका पक्ष भएको मुद्दा,
(ज) शारीरिक अशक्तता भएका व्यक्तिपक्ष भएको मुद्दा,
(झ) जेष्ठ नागरिक पक्ष भएको मुद्दा,
(ञ) महिला विरुद्धको हिंसा सम्बन्धी मुद्दा,
(ट) जातीय भेदभाव तथा छुवाछुत सम्बन्धी मुद्दा,
(ठ) न्वारान वा नाता कायम सम्बन्धी मुद्दा,
(ड) माना चामल वा खान, लाउन, शिक्षा, स्वास्थ्यको लागि खर्च माग भएको मुद्दा,
(ढ) सम्बन्ध विच्छेद सम्बन्धी मुद्दा,
(ण) महिला वादी भएको अंश मुद्दा,
(त) अपराध पीडित स्वयं वादी भएको क्षतिपूर्ति मुद्दा,
(थ) एकल महिला पक्ष भएको मुद्दा,
(द) मुद्दाको प्रकृतिबाट चाँडो किनारा हुन आवश्यक छ भन्ने लागी मुद्दा हेर्ने इजलासले अग्राधिकार दिई हेर्ने आदेश भएको निवेदन वा मुद्दा।"